# गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बराह,दैलख
### कर्णाली प्रदेश,नेपाल

**सरकारी निजि साझेदारी ९एएए० कार्यक्रमका लागी प्रस्ताव आव्हालको सुचना**

**प्रथम पटक सुचना प्रकाशित मितिः २०७५।०९।१७**

यस गाँउपालिकाको आ.व. ०७५।०७६ को वार्षिक स्विकृत कार्यक्रम अनुसार सरकारी निजि साझेदारी ९एएए० कार्यक्रम संचालन गर्न देहायका कार्यहरुका लागि गा.पाको साझेदारी कार्यक्रम संचालन कार्यविधि बमोजिमका शर्तहरु पालना गरि साझेदारी रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा तपसिल अनुसारको कार्यक्रममा साझेदारी गर्न इच्छुक यस गाँउपालिकाका कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति/विद्यालय बाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकासित भएको मितिले १५ दिन भित्र गुराँस गाँउपालिका, बराह ,दैलेखमा कार्यालय समयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी प्रस्ताव पेश गर्नहुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी पेस हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम हुने क्षेत्र | संख्या | विनियोजित रकम | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाई/भैसी/बाखा/बंगुर/माछा पालन | गुराँस गा.पा. | ६ | ४५००००० | कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति | |
| २ | लोकल कुखुरा पालन | गुराँस गा.पा. | ३<br>१<br>१ | १५०००००<br>२५००००<br>१००००० | कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति | |
| ३ | व्यवसायिक कृषि उत्पादन | गुराँस गा.पा. | | | कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति | |
| ४ | लघु उद्यम(आलु चिप्स,टमाटर सस, दाना उद्योग लगायत) संचालन | गुराँस गा.पा. | २ | २२५०००० | कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति | |

| साझेदारी कार्यक्रमका प्याकेजहरु | दस्तुर |
|---|---|
| १) रु ५ लाख बराबरको साझेदारी कार्यक्रम | रु. १०००। |
| २) रु १० लाख बराबरको साझेदारी कार्यक्रम | रु.२०००। |
| ३) रु १५ लाख बराबरको साझेदारी कार्यक्रम | रु. २०००। |

साझेदारी कार्यक्रमका हरेक प्याकेजमा गाँउपालिकाको ५०% र यस गाँउपालिकाका कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति/विद्यालय को ५०% लगानी हुनेछ । गाउपालिकाको साझेदारी निति तथा कार्यविधिको अधिनमा रही हरेक वर्ष (१० वर्ष सम्म) गा.पाको लगानीको २०% ले हुन आयने रकम यस कार्यालयमा जम्मा गर्नुपर्नेछ। उक्त रकम गाँउपालिकाको आन्तरिक आम्दानी हुनेछ ।१० वर्ष पछि उक्त व्यवसाय सम्बधित संचालकको स्वामित्वमा जानेछ ।

**आवेदकले आवेदनसाथ निम्न बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।**

१) कृषि सहकारी/कृषक समुह /निजि फर्म/समुह /समिति/विद्यालय को संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२) कृषि/पशुपालन व्यबसायमा आबद्ध सम्बन्धित सहकारी वा कृषक समुहलेसुचना अवधि भित्र पशुपंक्षी पालनको कार्यक्रम संचालन गर्न सहकारीको हकमा संचालक समितीको र अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि,

३) पशुपंक्षी पालनको उत्पादन विकिधिकरण, बजारीकरण सम्वन्धि कार्य संचालन गर्ने प्रस्तावना,

४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ,

५) सहकारी र निजि फर्मको हकमा गत आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,

६) सहकारी र निजि फर्मको हकमा गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

७) व्यबसायमा ५०% रकम लगानी तथा १० वर्ष सम्म व्यबसायमा निरन्तरताको प्रतिबद्धता सहितको स्वघोषणा पत्र,

८) व्यवसाय संचालन गर्ने जग्गाको क्षेत्रफल र स्वमित्व वा हक भोग खुल्ने प्रमाणपत्र,

९) आवश्यक पुर्वाधार निर्माण तथा मेशिनरी औजार खरिदका लागि विस्तृत कार्ययोजना सहितको प्रस्ताव ।

१०) तोकिएको दस्तुर तिरेको गाँउपालिकाको रसिद ।

**प्रमुख प्रशासकिय अधिकृत**